## द्विपक्षीय व्यापार तथा पारवहन (भारत) शाखाको कार्यक्षेत्र

1. नेपाल-भारत वाणिज्य वार्ता, सन्धि, सम्झौता कार्यान्वयन, संशोधन, नवीकरण र नियमन गर्ने सम्बन्धी कार्यहरु,
2. नेपाल-भारत पारवहन वार्ता, सन्धि, सम्झौता कार्यान्वयन, संशोधन, नवीकरण र नियमन गर्ने सम्बन्धी कार्यहरु,
3. नेपाल-भारत अन्तर सरकारी संयन्त्र (Inter Governmental Committee / Inter Governmental Sub Committee) लगायत अन्य प्राविधिक समितिहरुको बैठक आयोजना तथा सम्बन्धी कार्य, नेपालको तर्फबाट त्यस्ता अन्तर सरकारी संयन्त्रहरुको बैठकमा छलफल गरिने एजेन्डा तय गर्ने, विषयवस्तुको छनौट, वार्ता, सम्झौता र कार्यान्वयन गर्ने सम्बन्धी कार्यहरु,
4. नेपाल-भारत अनधिकृत व्यापार नियन्त्रण सम्बन्धी वार्ता, सन्धि, सम्झौता, कार्यान्वयन, संशोधन, नवीकरण र नियमन गर्ने सम्बन्धी कार्यहरु,
5. भारतसँग जोडिएका सीमा नाकाहरुमा व्यापारजन्य पूर्वाधारहरु ICP/ICD/CFS को विकास, गोदाम निर्माण र गोदाम सेवा विस्तार सम्बन्धी कार्य गर्ने सम्बन्धी कार्यहरु,
6. भारतसँग जोडिएका सीमा नाकाहरुमा क्वारेन्टाइन/प्रयोगशाला स्थापना तथा सञ्चा लन सम्बन्धी कार्यहरुमा समन्वय र सहजीकरण गर्ने सम्बन्धी कार्यहरु,
7. नेपाल-भारत रेल सेवा सम्झौता सम्बन्धी वार्ता, नवीकरण, संशोधन र सम्झौताको कार्यान्वयन गर्ने, गराउने सम्बन्धी कार्यहरु,

8. नेपालको आयात निर्यात व्यापारमा सहयोग पुर्याउन पारवहनको लागि सडक तथा रेल मार्गको पहिचान गर्ने, तोक्ने (Designate) र उपयोग गर्ने सम्बन्धी कार्य गर्ने सम्बन्धी कार्यहरु,

9. तेस्रो मुलुकबाट भारतीय बन्दरगाह हुँदै नेपाल पैठारी हुने तथा नेपालबाट भारत हुँदै तेस्रो मुलुकमा निकासी हुने वस्तुको क्लियरिङ अन्डरटेकिङ सेवा, कार्गो गोदाम सम्बन्धी सुविधा लगायत लजिस्टिक व्यवस्थापन सम्बन्धी कार्य गर्ने, गराउने सम्बन्धी कार्यहरु,

10. व्यापार र पारवहनका लागि भारतस्थित नेपाली नियोगहरुसँग सम्पर्क र समन्वय गर्ने सम्बन्धी कार्यहरु,

11. नेपालको व्यापार र पारवहन सुविधा विस्तारका लागि थप भारतीय बन्दरगाहहरुको पहिचान र उपयोग सम्बन्धी कार्यहरु गर्ने सम्बन्धी कार्यहरु,

12. नेपाल-भारतबीच विद्यमान व्यापार तथा पारवहन नाकाहरुको प्रभावकारी सञ्चालन, व्यवस्थापन, सुविधा विस्तार तथा पुनरावलोकन सम्बन्धी कार्यहरु,

13. तेस्रो मुलुकबाट भारत हुँदै आयात निर्यात हुने व्यापार अभिवृद्धि गर्न वस्तुको बहुविधिक (Multimodal) ढुवानी सम्बन्धी कार्यहरु,

14. पारवहनका लागि भारत हुँदै नेपाल आउने जाने जलमार्ग (Inland Water Ways) को पहिचान, विकास र संचालन सम्बन्धी वार्ता, सन्धि, सम्झौता कार्यान्वयन, संशोधन, नवीकरण र नियमन सम्बन्धी कार्यहरु,

15. नेपाल पारवहन तथा गोदाम व्यवस्थापन कम्पनी लिमिटेड, नेपाल इन्टरमोडल यातायात विकास समितिको भारतसँग सम्बन्धी कार्यहरु,

16. नेपाल-भारत  बीचको ट्रेड प्रोफाइल तयार गर्ने सम्बन्धी  कार्यहरु ।